३० औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट संस्थाका कोषाध्यक्ष श्री रवि घजूबाट प्रस्तुत आर्थिक प्रतिवेदन - २०८१

रवि घजू

साधारण सभा उद्घाटन कार्यक्रमका आदरणीय सभाध्यक्ष महोदय,
प्रमुख अतिथिज्यू, अतिथि वर्ग, सहकारीकर्मी मित्रहरू, पत्रकारज्यूहरु
संस्थाका पदाधिकारीज्यूहरू, लेखा सुपरिवेक्षण समितिका साथीहरू एवं आदरणीय सदस्य महानुभावहरू,

सर्वप्रथम संस्थाको गत वर्ष सम्पन्न २९ औं बार्षिक साधारण सभाबाट यस सञ्चालक समिति तथा मलाई संस्थाको कोषाध्यक्ष पदमा निर्विरोध निर्वाचित गर्नु भएकोमा सञ्चालक समितिको तर्फबाट तथा मेरो व्यक्तिगत तर्फबाट सम्पूर्ण आदरणीय सदस्य महानुभावहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। संस्थाको उन्नति एवं प्रगति तथा सदस्यहरुको सामूहिक हितका लागि विगत बर्षहरुमा जस्तै यहाँहरुको साथ र सहयोग प्राप्त हुने आशा पनि गरेको छु।

संस्थाको आज भईरहेको ३० औं बार्षिक साधारण सभालाई सफल बनाउन उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरूमा हार्दिक न्यानो अभिवादन व्यक्त गर्दै नजिकिदो महान चाड मोहनी नखः, विजया दशमी, स्वन्ति नखः, शुभ दिपावली, छठ पर्वको पावन अवसरमा समस्त महानुभावहरूमा सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य तथा दीर्घ जीवनको लागि हार्दिक कामना व्यक्त गर्दछु।

गत आ.ब. २०८०/०८१ को शुरु देखि नै विभिन्न सञ्चार माध्यमहरुमा सहकारीहरुले सदस्यहरुको बचत फिर्ता गर्न नसकेको, यसको विरोधमा बचतकर्ताहरुले सहकारी संस्थामा धर्ना दिएको, सडकमा विरोध प्रदर्शन गरेको जस्ता समाचारहरु प्रकाशित हुदै आएको थियो। व्याजको प्रलोभनमा, आफन्तहरुको प्रभावमा परेर बचत जम्मा गरेका बचतकर्ताहरुले बचत फिर्ता पाउन नसकेको गुनासाहरु सुनिएको थियो। जुन गुनासाहरु हालसम्म पनि कम हुन सकेको छैन। सहकारी क्षेत्रमा देखिएको उक्त समस्या यस संस्थाले हालसम्म सामना गर्नु परेको छैन।

गत आ.ब. २०८०/०८१ को शुरुमा वित्तीय क्षेत्रमा तरलता अभाव देखिए पनि दोस्रो त्रैमासदेखि वित्तीय क्षेत्रमा तरलता अभावको समस्या कम हुदै आ.व.को अन्त्य सम्ममा वित्तीय क्षेत्रमा अधिक तरलता देखियो। वित्तीय क्षेत्रमा अधिक तरलता भए पनि विभिन्न सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता पाउन नसकी सदस्यहरुले सहकारी संस्थामा ताला लगाउने, सहकारी संस्थाका सञ्चालक, कर्मचारीहरु माथि दुर्व्यवहार गर्ने, सहकारी संस्थाका सञ्चालक विरुद्ध नियामक निकायहरुमा उजूर गर्ने जस्ता सहकारी संस्थाका विरुद्ध जनस्तर तथा आम सञ्चारका माध्यमहरुमा सहकारी विरुद्ध समाचारहरु प्रकाशित हुने कार्य रोकिएन। यस्तो अवस्थामा सहकारी संस्थालाई सुरक्षित रुपमा अगाडी बढाउनु कम चुनौतिपूर्ण कार्य थिएन। यस संस्थाले व्याज लगायत अन्य प्रलोभनमा पारी सदस्यहरुबाट बचत संकलन नगरेको, संस्थाले पारित गरेको सञ्चालन नीति भन्दा बाहिर गएर कुनै किसिमको आर्थिक कारोबार नगरेको, समुदायमा संस्थाको छवि राम्रो रहेको कारण संस्थाप्रति

सदस्यहरुको विश्वास बढ्दै गएको देखिन्छ । यसैको परिणाम स्वरुप सहकारी क्षेत्रमा देखिएको समस्या यस संस्थाले सामना गर्नु परेको छैन । आगामी दिनहरुमा पनि संस्थाले यस्तो समस्याको सामना गर्नु पर्ने अवस्था नआउने कुरामा विश्वस्त तुल्याउन चाहन्छु।

संस्थाको आर्थिक विवरण लगायत दैनिक गतिविधिहरूको अध्ययन गरी संस्था संचालनमा यहाँहरूको उचित सल्लाह, सुझाव र सहयोगको अपेक्षा राखेको छु जसबाट संस्थालाई अझ मजवुत एवम् दिगो तरिकाले संचालन गर्न सकिने विश्वास लिएको छु।

सभाध्यक्ष महोदय,

अब म यस सम्मानीत सभा समक्ष संस्थाको गत आर्थिक बर्ष २०८०/०८१ को संक्षिप्त आर्थिक विवरण तथा चालु आर्थिक बर्ष २०८१/०८२ को अनुमानित आयव्यय विवरण (बजेट) र बार्षिक लक्ष्यको विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

सर्बप्रथम म यस सभा समक्ष गत आर्थिक वर्ष २०८०/०८१ मा गरेका आर्थिक क्रियाकलापहरूको संक्षिप्त विवरण प्रस्तुत गर्न चाहन्छु।

१. शेयर पूँजी :-

आर्थिक बर्ष २०७९/०८० मा संस्थाको शेयर पूँजी रू. ८,९३,७५,०००।- (रू. आठ करोड त्रियानब्बे लाख पचहत्तर हजार) भएकोमा गत आ.ब. २०८०/०८१ मा रू. ५,५१,५००।- (रू. पाँच लाख एकाउन्न हजार पाँच सय) कमी भई आ.ब.को अन्तसम्ममा रू. ८,८८,२४,४००।- (रू. आठ करोड अठासी लाख चौवीस हजार चार सय) भएको छ, जुन अघिल्लो आर्थिक बर्षको तुलनामा ०.६२% ले कमी भएको छ। उक्त बर्षमा शेयर फिर्ता लिन चाहने सदस्यहरुलाई शेयर फिर्ता गरिएको र गत बर्ष जस्तै हकवाला बाहेक अन्यको नाममा शेयर नामसारी गर्ने व्यवस्था नगरिएको कारणले गर्दा शेयर पूँजीमा अघिल्लो बर्ष भन्दा कम भएको हो। हाल पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको शेयर पूँजी कूल सम्पतिको तुलनामा ७.०% रहेको छ।

२. बचत (निक्षेप) :

आ.ब. २०७९/०८० मा बचत (निक्षेप) रू. ९३,१९,७५,३५३।७७ (त्रियानव्वे करोड उन्नाईस लाख पचहत्तर हजार तीन सय त्रिपन्न रुपैया सत्तहतर पैसा) रहेकोमा आ.ब. २०८०/०८१ मा रू. १२,५५,२१,२४६।४६ (बाह्र करोड पचपन्न लाख एकाईस हजार दुई सय छयालीस रुपैयाँ छयालीस पैसा) थप भई गत आर्थिक बर्षको अन्तमा बचत (निक्षेप) रू. १,०५,७४,९६,६००।२३ (एक अर्ब पाँच करोड चौहत्तर लाख छयानब्बे हजार छ सय रुपैया तेईस पैसा) भएको छ। पर्ल्स अनुगमन प्रणाली अनुसार संस्थाको बचत (निक्षेप) कूल सम्पतिको ७०-८०% हुनु पर्नेमा ८१.८०% रहेको छ। बचत सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदन पुस्तिकाको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख रहेको जानकारी गराउन चाहन्छु।

३. ऋण लगानी र असुली :-

गत आ.ब. २०७९/०८० मा सदस्यहरूमा रू. ६०८,३६८,३६१।- (रू. साठी करोड त्रियासी लाख अरसाठी हजार तीन सय एकसाठी) ऋण लगानी रहेकोमा आ.ब. २०८०/०८१ को अन्तमा रू. ६,५४,१३,२५७।- (रू. छ करोड चौवन्न लाख तेह्र हजार दुई सय सन्ताउन्न) कम भई महिला ४२३ पुरूष ४७१ गरी जम्मा ८९४ जना सदस्यहरूमा रू. ५४,२९,५५,१०४।- (रू. चौवन्न करोड उनान्तीस लाख पचपन्न हजार एक सय चार) ऋण लगानीमा रहेको छ।

क्र.स.	ऋणको प्रकार	गत लगानी	यस वर्ष लगानी	असुली	जम्मा
१	व्यापारिक ऋण	२३०,७१०,९०७.००	१५०,०७६,८५९.००	१७३,८७८,१७५.००	२०६,९०९,५९१.००
२	हायर पर्चेज	१०,२५९,३५४.००	१,१००,०००.००	८,२४२,३८९.००	३,११६,९६५.००
३	बचत धितो ऋण	२२,५९६,६१६.००	६०,८८८,०००.००	६१,६१६,०९३.००	२१,८६८,५२३.००
४	घर निर्माण ऋण	१४१,००९,१८९.००	३४,४७५,०००.००	७४,२३४,२०९.००	१०१,२४९,९८०.००
५	शैक्षिक ऋण	३४,५६०,४४७.००	५३,०००,०००.००	४९,२२४,४४८.००	३८,३३५,९९९.००
६	कृषि ऋण	५१,३०७,४०२.००	१२,४५०,०००.००	२६,९६५,२४४.००	३६,७९२,१५८.००
७	उपचार ऋण	-	२२०,०००.००	१९५,०००.००	२५,०००.००
८	खरखाँचो	२४,६६२,४९३.००	३७,५३२,०००.००	३१,३५८,९२२.००	३०,८३५,५७१.००
९	लघु उद्यम ऋण	१४,२२९,९६७.००	२,३१०,०००.००	१०,४०३,२५४.००	६,१३६,७१३.००
१०	बैदेशिक रोजगार	५,८४५,२९०.००	१६०,०००.००	२,५२१,४२२.००	३,४८३,८६८.००
११	यातायात ऋण	११,२०१,३६३.००	१,९८०,०००.००	१०,६५०,२२८.००	२,५३१,१३५.००
१२	घरजग्गा खरिद ऋण	६१,९८५,३३३.००	३४,५००,०००.००	५२,५८६,६५५.००	४३,८९८,६७८.००
१३	उपकार बिशेष ऋण	-	४८,३२७,७५१.००	५५६,८२८.००	४७,७७०,९२३.००
	जम्मा	६०,८३,६८,३६१.००	४३७,०१९,६१०.००	५०२,४३२,८६७.००	५४२,९५५,१०४.००

४. संस्थाको वित्तीय लगानी :-

संस्थाले विभिन्न बैकहरू तथा छाता सङ्गठनहरू नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि., बागमति प्रदेश बचत तथा ऋण सहकारी संघ लि., जिल्ला सहकारी संघ लि., भक्तपुर जिल्ला बचत तथा ऋण सहकारी संघ लि. लगायतमा गरेको वित्तिय लगानी आ.ब. २०७९/०८० को अन्तमा बचत र शेयर लगानी जम्मा रू. ५०,८५,२६६।०९ (पचास लाख पचासी हजार दुई सय छैसाठी रुपैया नौ पैसा) तथा आवधिक लगानीमा रू. १७,१५,००,०००।- (रू. सत्र करोड पन्ध्र लाख) भएकोमा आ.ब. २०८०/०८१ मा बागमती प्रदेश सहकारी संघ लि.मा रू. २५,०००।- (रू. पच्चिस हजार) शेयर खरिद गरेको र आवधिक बचतमा रू. १८,००,००,०००।- (अठार करोड) गरी जम्मा रु. १८,००,२५,०००।- (अठार करोड पच्चीस हजार) थप भई आ.ब. २०८०/०८१ को अन्त सम्ममा बचत रू. १४,२२,२५०।३९ (चौध लाख बाईस हजार दुई सय पचास रुपैया उनान्चालीस पैसा), शेयर रू. ४८,२०,०००।- (अरचालिस लाख बीस हजार) र आवधिक बचतमा रू. ३४,४५,००,०००।- (चौतीस करोड पैतालीस लाख) समेत गरी जम्मा रू. ३५,०७,४२,२५०।३८ (पैतीस करोड सात लाख बयालीस हजार दुई सय पचास रुपैया अरतीस पैसा) वित्तीय लगानी रहेको छ। यस सम्बन्धी विस्तृत जानकारी यसै प्रतिवेदन पुस्तिकाको लेखा परिक्षण प्रतिवेदनमा उल्लेख रहेको जानकारी गराउन चाहन्छु।

५. सम्पति सामान :

संस्थाको सम्पति आर्थिक बर्ष २०७९/०८० को अन्तसम्ममा रू. ७७,३०,७८९।३१ (रु. सतहत्तर लाख तीस हजार सात सय उनानब्बे रुपैया एकतीस पैसा) भएकोमा गत बर्ष संस्थाका लागि आवश्यक स्टिल ऱ्याक दुई थान, ईण्डेक्स फाईल दराज १ थान, कम्प्युटर १ थान, एसक्यूएल (SQL-Structured Query Language) सफ्टवेयर लाईसेन्स १ तथा संस्थाको प्रयोगका लागि १ थान विद्युतीय स्कूटर समेत गरी जम्मा रू. ७,४०,०७०।- (रू. सात लाख चालीस हजार सत्तरी) को सम्पत्ति सामान खरिद गरिएको छ। आ.ब. २०८०/०८१ को अन्त्यमा रू. ८२,४७,७६२।८८ (रू. बयासी लाख सरचालीस हजार सात सय बैसाठी रुपैया अठासी पैसा) हुन पुगेको छ।

६. आय व्यय विवरण :

संस्थाले गत आर्थिक बर्ष २०८०/०८१ मा व्याज आम्दानी रू. ७,३८,४४,०५४।- (रु. सात करोड अरतिस लाख चौवालीस हजार चौवन्न) र अन्य आम्दानी रु. ५,११,३३,०१८।१९ (रू. पाँच करोड एघार लाख तेतीस हजार अठार रुपैया उन्नाईस पैसा) गरी कूल आम्दानी रु. १२,४९,७७,०७२।१९ (रू. बाह्र करोड उनान्चास लाख सतहत्तर हजार बहत्तर रुपैया उन्नाईस पैसा) भएकोमा व्यय (खर्च) तर्फ व्याज खर्च रू. ८,६०,९५,०५७।- (रू. आठ करोड साठी लाख पन्चानब्बे हजार सन्ताउन्न रूपैया), संचालन खर्च रू. १,०७,२३,४२०।८० (एक करोड सात लाख तेईस हजार चार सय बीस रुपैया असी पैसा) र ऋण नोक्सानी थप व्यवस्था (जोखिम व्यहोर्ने कोष) रू. २२,५०,५९७।- (बाईस लाख पचास हजार पाँच सय सन्तानब्बे रूपैया) र ह्रास कट्टी रू. २,४५,०९६।४४ (दुई लाख पैतालीस हजार छयानब्बे रुपैया चौवालीस पैसा) समेत कूल खर्च रू. ९,९३,१४,१७१।२४ (नौ करोड त्रियानब्बे लाख चौध हजार एक सय एकहत्तर रुपैया चौवीस पैसा) भई कूल बचत (नाफा) रू. २,५६,६२,९००।९५ (दुई करोड छपन्न लाख बैसाठी हजार नौ सय रुपैया पन्चानब्बे पैसा) भएको व्यहोरा जानकारी गराउन चाहन्छु। कुल बचत (नाफा) लाई आयकर ऐन अनुसार १० प्रतिशत कर रू. २५,६६,२९०।१० (रू. पच्चीस लाख छैसाठी हजार दुई सय नब्बे रुपैया दश पैसा) छुट्याई बाँकी नाफालाई सहकारी ऐन तथा संस्थाको विनियम अनुसार विभिन्न कोषहरूमा विभाजन गरिएको छ।

७. जगेडा कोष तथा अन्य कोषहरू :-

सहकारी ऐन २०७४ र नियमावली २०७५ ले बचत (नाफा) को कम्तीमा २५% जगेडा कोष छुट्याई बाँकीबाट कम्तिमा २५% संरक्षित पूँजी फिर्ता कोष र ०.५ (शुन्य दशमलब पाँच) प्रतिशत सहकारी प्रवर्द्धन कोष छुट्याई बाँकी रहेको रकमबाट अन्य कोषमा विभाजन गर्नु पर्ने व्यवस्था गरेको छ। सोही अनुसार आ.ब. २०८०/०८१ को बचत (नाफा) बाँडफाँड पश्चात् संस्थाको जगेडा कोषमा रू. ७,७४,९०,७१२।७६ (सात करोड चौहत्तर लाख नब्बे हजार सात सय बाह्र रुपैया छयहत्तर पैसा), संरक्षित पूँजी फिर्ता कोषमा रू. ४३,३०,६१४।५४ (त्रिचालीस लाख तीस हजार छ सय चौध रुपैया चौवन्न पैसा), सहकारी प्रवर्द्धन कोषमा रू. ८६,६१२।२९ (छयासी हजार छ सय बाह्र रुपैया उनान्तीस पैसा) तथा अन्य कोषहरू रु. २,२०,४७,८७३।७० (दुई करोड बीस लाख सरचालिस हजार आठ सय त्रिहत्तर रुपैया सत्तरी पैसा) गरी जम्मा रू. १०,३९,५५,८१३।२८ (दश करोड उनान्चालीस लाख पचपन्न हजार आठ सय तेह्र

रुपैया अठाईस पैसा) भएको व्यहोरा जानकारी गराउन चाहन्छु । कोष सम्बन्धी विस्तृत विवरण लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु।

८. तरलता :

संस्थाको कारोबारका लागि आवश्यक पर्ने तरलता व्यवस्थापन गर्न संस्थाले विभिन्न बैंक तथा छाता संगठनहरूमा खाता खोली कारोबार गर्दै आएको छ । संस्थाले आर्थिक बर्ष २०८०/०८१ को अन्त सम्ममा नगद रू. १७,५३,६७४।- (रू. सत्र लाख त्रिपन्न हजार छ सय चवहत्तर) र विभिन्न बैंक तथा छाता संगठनहरूमा रू. ३६,८४,७३,७२४।५९ (छतीस करोड चौरासी लाख त्रिहत्तर हजार सात सय चौवीस रुपैया उनान्साठी पैसा) गरी जम्मा रू. ३७,०२,२७,३९८।५९ (सैतीस करोड दुई लाख सताईस हजार तीन सय अन्ठानब्बे रूपैया उनान्साठी पैसा) तरलता रहेको छ। तरलता सम्बन्धी जानकारी लेखा परिक्षण प्रतिवेदनमा समावेश गरिएको व्यहोरा जानकारी गराउन चाहन्छु।

९. कुल सम्पति :

आर्थिक बर्ष २०७९/०८० को अन्तमा संस्थाको कुल सम्पति रू. १,०१,७२,११,६७३।६० (एक अर्ब एक करोड बहत्तर लाख एघार हजार छ सय त्रिहतर रूपैया साठी पैसा) भएकोमा आ.व. २०८०/०८१ मा रू. १३,१०,२८,२५५।९९ (तेह्र करोड दश लाख अठाइस हजार दुई सय पचपन्न रुपैया उनान्सय पैसा) बृद्धि भई कुल सम्पति रू. १,२९,३४,६९,९७९।९८ (एक अर्ब उनान्तीस करोड चौतीस लाख उनान्सतरी हजार नौ सय उनान्नअसी रुपैया अन्ठानब्बे पैसा) हुन पुगेको छ जुन गत आर्थिक वर्ष २०७९/०८० को तुलनामा ११.३% ले वृद्धि भएको छ।

१०. कर सम्बन्धी ब्यवस्था :-

सहकारी ऐन २०७४ ले नगरपालिका क्षेत्रका सहकारी संस्थालाई ५% आयकर लाग्ने व्यवस्था गरे तापनि आर्थिक विधेयकले आयकर दरमा बृद्धि गरी १०% लाग्ने व्यवस्था गरेको छ। त्यसैले संस्थाले गरेको बचत (नाफा) रू. २,५६,६२,९००।९५ (रू. दुई करोड छपन्न लाख बैसाठी हजार नौ सय रुपैया पन्चानब्बे पैसा) भए अनुसार आ.ब. २०८०/०८१ मा रू. २५,६६,२९०।१० (रु. पच्चीस लाख छैसाठी हजार दुई सय नब्बे रुपैया दश पैसा) आयकर व्यवस्था गरेको छ । विगत बर्षमा बढी दाखिला भएको आयकर रू. १,४९,५३,६०९।३४ (एक करोड उनान्चास लाख त्रिपन्न हजार छ सय नौ रुपैया चौतीस पैसा) र आ.ब. २०८०/०८१ मा विभिन्न बैक तथा संघसंस्थाहरूबाट प्राप्त व्याज आम्दानीमा सम्बन्धित बैक तथा संघ संस्थाहरूले व्याज कर बापत कट्टी गरेको रू. ५६,७५,९८६।९२ (छपन्न लाख पचहत्तर हजार नौ सय छयासी रुपैया बयानब्बे पैसा) गरी रू. २,०६,२९,५९६।२६ (दुई करोड छ लाख उनान्तीस हजार पाँच सय छयानब्बे रुपैया छवीस पैसा) भएकोमा आ.ब. २०८०/०८१ को तिर्नु पर्ने आयकर रू. २५,६६,२९०।१० (पच्चीस लाख छैसाठी हजार दुई सय नब्बे रुपैया दश पैसा) मिलान पश्चात् रू. १,८०,६३,३०६।१६ (एक करोड असी लाख त्रिसाठी हजार तीन सय छ रुपैया सोह्र पैसा) बढी दाखिला भएको छ। यसलाई चालु बर्षको आयकरमा मिलान गरिनेछ। संस्थाले गत आ.ब. २०८०/०८१ मा दाखिला गरेको कर सम्बन्धी विवरण निम्न अनुसार रहेको छ।

क.स.	कर विवरण	दाखिला गर्नु पर्ने	दाखिला गरेको	दाखिला गर्न वाकी
१	आय कर	२,५६६,२९०.१०	–	–
	वित्तीय संस्था मार्फत	–	१४,९५३,६०९.३४	–
	गत बर्ष बढी दाखिला	–	५,६७५,९८६.९२	–
	यस बर्षको दाखिला	–	–	(१८,०६३,३०६.१६)
२	व्याज कर	६,६०७,८२२.२२	६,०२६,७३०.७२	५८१,०९१.५०
३	ले.प.कर	१,२७५.००	–	१,२७५.००
४	सामाजिक सुरक्षा कर	३४४,८२३.०३	५९,८३७.३४	२८४,९८५.६९
५	लाभांस कर	४९१,३१७.००	४९१,३१७.००	–
६	भत्ता कर	८१,४०९.००	५५,२२४.००	२६,१८५.००
७	साधारण सभा यातायात खर्च कर	२१३,९२७.००	२१३,९२७.००	–
८	विविध कर	३३,०८५.२८	३३,०१८.२८	६७.००
	जम्मा	१०,३३९,९४८.६३	२७,५०९,६५०.६०	(१७,१६९,७०१.९७)

सभाध्यक्ष महोदय,

आ.ब. २०८०/०८१ मा पनि विभिन्न सहकारी संस्थाहरुले सदस्यहरुको बचत फिर्ता गर्न नसकेको र बचत फिर्ता नगरेको कारण केही सहकारी संस्थाहरुमा ताला समेत लागेको देखिएको थियो। सहकारी संस्थामा जम्मा गरेको बचत फिर्ता नपाएका सहकारीका सदस्यहरुले सामूहिक रुपमा नै अहिले सम्म पनि विरोध प्रदर्शन गर्दै आएका छन् । यस्तो अवस्थामा संस्थाले आ.ब. २०८०/०८१ को लागि कार्यक्रमहरु तयार गरी बजेट विनियोजन गरेको थियो। तय गरिएका कार्यक्रमहरु निश्चित समयमा लक्षित समुदाय र क्षेत्रमा सफलतापूर्वक सम्पन्न पनि गरेको थियो। तर आ.ब. २०८०/०८१ को पहिलो त्रैमासिक देखि वित्तीय क्षेत्रमा देखिएको तरलता अभावको अवस्था कम भई सकेको र दोस्रो त्रैमासिक देखि वित्तीय क्षेत्रमा अधिक तरलता भई बचतको व्याजदर क्रमशः कम हुदै गएको देखियो। देशमा देखिएको आर्थिक मन्दीका कारण बैक तथा वित्तीय क्षेत्रमा लगानी योग्य रकम थुप्रिदै गएको छ।

संस्थाले आ.व. २०८०/०८१ को लागि स्रोत तथा उपयोग (वासलात) तर्फ रू. १,३०,००,००,०००।- (रू. एक अर्ब तीस करोड) पुऱ्याउने लक्ष्य राखेकोमा आ.व. २०८०/०८१ सम्ममा संस्थाको कूल वासलात रू. १,२९,३४,६९,९७९।९८ (एक अर्ब उनान्तीस करोड चौतीस लाख उनान्सतरी हजार नौ सय उनान्नअसी रुपैया अन्ठानब्बे पैसा) पुगेको छ जुन लक्ष्यको ९९.८९% हुन आउँछ। त्यसै गरी बचत संकलनमा लक्ष्य भन्दा १.६८% बढी बचत संकलन भई आ.ब.को अन्तसम्ममा संस्थाको कूल बचत रू. १,०५,७४,९६,६००।२३ (रू. एक अर्ब पाँच करोड चौहत्तर लाख छयानब्बे हजार छ सय रुपैया तेईस पैसा) पुगेको छ भने शेयर पूँजी, ऋण लगानी, स्थीर सम्पतिमा लक्ष्य अनुसार प्रगति हुन सकेन। संस्थाले गत आ.ब.मा बाँडफाँड गरिएको तर खर्च नभएका अनिवार्य कोषहरुलाई नियमानुसार संस्थाको जगेडा कोषमा समायोजन गरेको छ। त्यसै गरी आम्दानी खर्च (आय व्यय) तर्फ आ.व. २०८०/०८१ मा कूल आम्दानी रू. १५,३१,५०,०००।- गर्ने लक्ष्य राखेकोमा लक्ष्यको ८१.६% अर्थात रू. १२,४९,७७,०७२।१९ (रू. बाह्र करोड उनान्चास लाख सतहत्तर हजार बहत्तर रुपैया उन्नाईस पैसा) आम्दानी गर्न सफल भएको छ।

१ मा कूल आम्दानी रू. १५,३१,५०,०००।- गर्ने लक्ष्य राखेकोमा लक्ष्यको ८१.६% अर्थात रू. १२,४९,७७,०७२।१९ (रू. बाह्र करोड उनान्चास लाख सतहत्तर हजार बहत्तर रुपैया उन्नाईस पैसा) आम्दानी गर्न सफल भएको छ।

गत आ.व.को शुरुमा तरलता अभावको अवस्था थियो भने पछि अधिक तरलताको सामना गर्नु पर्यो। देशमा देखिएको आर्थिक मन्दीका कारण उद्योग व्यापारिक क्षेत्रमा नकारात्मक प्रभाव परेको देखिन्छ। यसले गर्दा ऋण लगानीमा प्रत्यक्ष प्रभाव परेको छ। त्यसै गरी गत आ.व. २०८०/०८१ मा संस्थाको नयाँ भवन बनाउने लक्ष्य रहेकोमा वित्तीय क्षेत्र अस्थिर भएको कारण स्थीर सम्पतिहरुमा हाल लगानी गर्न उचित नभएको तथा संस्थाले खरिद गरेको जग्गामा अहिले नै भवन निर्माण गर्दा संस्थाले हाल प्रयोग गर्दै आएको भवनका कारण अव निर्माण हुने भवनको संरचना उपयुक्त नहुने तथा पछिका लागि सवारी पार्किङ्ग क्षेत्र पनि व्यवस्था गर्न नसकिने भएको कारण पनि गत आ.ब.मा पनि भवन निर्माण गर्न विभिन्न प्रयासहरु भए पनि पुरा हुन सकेन।

ऋण लगानीमा व्याज आम्दानी तर्फ लक्ष्यको ६४.२१% मात्र प्रगति भई व्याज आम्दानी रू. ७,३८,४४,०५४।- (रू. सात करोड अरतीस लाख चौवालीस हजार चौवन्न) मात्र भएको छ। लक्ष्य अनुसार ऋण लगानी हुन नसकेको, लगानीमा रहेको ऋणको व्याज पनि निरन्तर घट्दो क्रममा रहेको कारण व्याज आम्दानीमा लक्ष्य अनुसार प्रगति हुन नसकेको हो। त्यस्तै वित्तीय लगानीबाट व्याज आम्दानीमा अघिल्लो आ.ब.को यथार्थ आम्दानी भन्दा ९.२६% बृद्धि भई आ.ब. २०८०/०८१ मा लक्ष्य भन्दा ५३.९६% प्रगति भई रू. ४,६३,११,८५२।४९ (रू. चार करोड त्रिसाठी लाख एघार हजार आठ सय बाउन्न रुपैया उनान्चास पैसा) आम्दानी भएको छ। सदस्यहरुमा ऋण लगानी हुन नसकेको कारण संस्थामा जम्मा भएको बचतलाई व्यवस्थापन गरी बैक, वित्तीय संस्थाहरु तथा छाता संगठनहरुमा वित्तीय लगानी बढी हुन गएको र उक्त संस्थाहरुबाट अधिक व्याज पाएको कारण वित्तीय आम्दानी बढी हुन गएको हो। आ.ब. २०८०/०८१ मा वित्तीय क्षेत्रमा अधिक तरलताका कारण वित्तीय संस्थाहरुमा निरन्तर व्याज घट्दो क्रम रह्यो।

त्यसै गरी अनुमानित व्ययतर्फ अनुमानित व्याज खर्चको लक्ष्य भन्दा पनि १८.% कम अर्थात् रु. ८,६०,९५,०५७।०० (रू. आठ करोड साठी लाख पन्चानब्बे हजार सन्ताउन्न रुपैया) खर्च भएको छ। बचत लक्ष्य अनुसार नै संकलन भएको र बचतको व्याज घटेको कारण व्याज खर्च लक्ष्य भन्दा कम भएको हो। सञ्चालन खर्च तर्फ लक्ष्यको ६६.१२% अर्थात रू. ९४,७०,६२४।२४ (चौरानब्बे लाख सतरी हजार छ सय चौवीस रुपैया चौवीस पैसा), सामुदायिक खर्च तर्फ लक्ष्यको ५०.१५% अर्थात रू. ९१,१७५।- (रू. एकानब्बे हजार एक सय पचहत्तर), कार्यक्रम खर्च तर्फ ३८.५९% अर्थात रू. १४,०६,७००।- (रू. चौध लाख छ हजार सात सय रुपैया) भएको छ। गत आ.व.मा खराव ऋणको लागि रू. २२,५०,५९७।- (रू. बाईस लाख पचास हजार पाँच सय सन्तानब्बे रुपैया) जोखिम व्यहोर्ने कोष थप गरिएको छ। आ.ब. २०८०/०८१ मा कूल बचत (नाफा) रू. ३,००,००,०००।- (रू. तीन करोड) हुने अनुमान गरेकोमा लक्ष्यको ८०.६४% अर्थात् रू. २,५६,६२,९००।९५ (रू. दुई करोड छपन्न लाख बैसाठी हजार नौ सय रुपैया पन्चानब्बे पैसा) बचत (नाफा) भएको छ।

सभाध्यक्ष महोदय,

अव म यस सम्मानित साधारण सभा समक्ष चालु आर्थिक बर्ष २०८१/०८२ को अनुमानित आय व्यय विवरण (बजेट) प्रस्तुत गर्न चाहन्छु।

संस्थाको आर्थिक नीतिको दफा १० (२) बमोजिम मिति २०८१ जेष्ठ ९ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाका सचिव तुल्सीकृष्ण छुँजूको संयोजकत्वमा कोषाध्यक्ष रवि घजू, सञ्चालकद्वय कमल प्रसाद भट्टराई र विन्दु प्रजापति सदस्य तथा संस्थाका व्यवस्थापक सदस्य सचिव रहनु भएको आर्थिक बर्ष २०८१/०८२ को 'कार्यक्रम तथा बजेट मस्यौदा उप-समिति' गठन गरेको थियो। विगत बर्षहरुमा जस्तै आर्थिक बर्ष २०८१/०८२ को कार्यक्रम तथा बजेट निर्माणका लागि संस्थाका विभिन्न उप-समितिहरुबाट उप-समितिहरुले गर्ने कार्यक्रमका सम्बन्धमा विस्तृत रुपमा छलफल गर्नका लागि मिति २०८१ असार २० गते सुझाव संकलन कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा संस्थाका विभिन्न उप-समितिहरुबाट प्राप्त सुझावहरु तथा विगत बर्षहरुमा सञ्चालन गरेका कार्यक्रमहरुको समीक्षा गरी यस आर्थिक बर्षको लागि कार्यक्रमहरु तय गरिएको छ।

संस्थाले बार्षिक रुपमा योजना बनाई आफ्नो लक्ष्य हाँसिल गर्ने प्रयास गर्दै आएको छ। गत आ.ब. २०८०/०८१ मा अधिक तरलताको सामना गर्नु परेको थियो भने चालु आ.ब.मा पनि अधिक तरलताको समस्या कायम नै छ। वित्तीय बजार अनुसार बचतमा प्रतिस्पर्धात्मक व्याज दिने र ऋणमा बाणिज्य बैक सरह व्याज कायम गर्न प्रयास गर्ने र ऋण सीमा पनि बृद्धि गर्ने तर्फ विचार गरिनेछ। साथै ऋणको व्याज दरमा बैक तथा वित्तीय संस्थाहरुभन्दा पनि कम गरी ऋण लगानीमा विशेष व्यवस्था गरिनेछ। यसले सदस्यहरुमा ऋण लगानी बढ्ने अनुमान गरेको छु।

सहकारी क्षेत्रमा युवाहरुको आकर्षण बढाउनका लागि यस संस्थाले पनि आधुनिक प्रविधिहरुको प्रयोगमा विशेष जोड दिनेछ। सदस्यहरुको माग अनुसार संस्थाका ३५ बर्षसम्मका सदस्यहरुलाई एक बर्षसम्म निःशुल्क स्मार्ट मोबाईल बैकिङ्ग सेवा उपलब्ध गराइनेछ। साथै युवा सदस्यहरु (३५ बर्षसम्मका) ले कुनै पनि व्यापार व्यवसाय सञ्चालन गर्नका लागि ऋण माग गरेमा रु. १० लाखसम्मको ऋणमा १% सम्म व्याज दरमा सहुलियत प्रदान गरिनेछ।

संस्थाले चालु आ.ब.मा डिजिटल बैकिङ्गलाई प्राथमिकताका साथ अगाडी बढाईनेछ। संस्थाले उपलब्ध गराइएको उपकार स्मार्ट मोबाईल बैकिङ्ग सेवामा समयानुकूल सेवाहरु थप गर्दै जानेछ। सदस्यको बैक खातामा रहेको रकमलाई कनेक्ट आइपिएस (Connect-IPS), ईसेवा (E-sewa), खल्तीको माध्यमबाट सदस्यको संस्थामा रहेको खातामा रकम सार्न सकिने व्यवस्था रहेकोमा चालु आ.ब.मा संस्थाको खातामा रहेको रकम बैक तथा वित्तीय संस्थामा सार्न सकिने व्यवस्था गरिनेछ । त्यसै गरी हाल परीक्षणमा रहेको संस्थामा रहेको सदस्यहरुको वित्तीय कारोबारको डाटालाई अझै सुरक्षित गर्न र मोबाईल बैकिङ्ग सेवा प्रभावकारी बनाउनका लागि सर्भर क्लाउड (Cloud Server) मा राखिने छ। यसबाट संस्थामा हुने आर्थिक कारोबारको डाटा सुरक्षित हुनुका साथै युवाहरुको आकर्षण बृद्धि गराउन सकिने विश्वास लिइएको छ।

संस्थाले बार्षिक रुपमा उप-समितिहरुको सक्रियतामा विभिन्न कार्यक्रमहरु सञ्चालन गर्दै आएकोमा चालु आ.ब. २०८१/०८२ मा पनि उप-समितिहरुबाट सञ्चालन हुने कार्यक्रमहरुलाई निरन्तरता प्रदान गरिनेछ।

चालु आ.ब. २०८१/०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट मस्यौदालाई मिति २०८१ श्रावण ९ गते बसेको सञ्चालक समितिको बैठकले संस्थाको आर्थिक नीतिको दफा ३ (ख) बमोजिम पारित गरेको थियो ।

संस्थाको चार बर्षिय व्यावसायिक रणनीतिक योजना अनुसार चालु आ.ब. २०८१/०८२ को अनुमानित वासलात (स्रोत तथा उपयोग) रू. १,४०,००,००,०००।- (एक अर्ब चालिस करोड) तथा आयव्यय तर्फ आम्दानी रू. १३,८९,२५,०००।- (रू. तेह्र करोड उन्नानब्बे लाख पच्चीस हजार) र खर्च रू. १०,६४,२५,०००।- (दश करोड चौसाठी लाख पच्चीस हजार) भई रू. ३,२५,००,०००।- (रू. तीन करोड पच्चीस लाख) बचत (नाफा) हुने अनुमानित आय व्यय (बजेट) विवरण सञ्चालक समितिको सोही बैठकबाट पारित गरी अनुमोदनका लागि यस सम्मानीत ३० औं साधारण सभा समक्ष पेश गरेको छु।

चालु आर्थिक वर्षमा आय व्यय (आम्दानी खर्च) को अनुमानित आम्दानी तर्फ ऋणको व्याजबाट रू. १०,३१,००,०००।- (रू. दश करोड एकतीस लाख), लगानीवाट व्याज प्राप्त रू. ३,००,००,०००।- (रू. तीन करोड), लाभांशबाट रू. ५,००,०००।- (रू. पाँच लाख), ऋण सुरक्षण शुल्क रू. ४०,००,०००।- (रू. चालीस लाख) र अन्य रू. १३,२५,०००।- (रू. तेह्र लाख पच्चीस हजार) गरी जम्मा रू. १३,८९,२५,०००।- (रू. तेह्र करोड उनानब्बे लाख पच्चीस हजार) हुने अनुमान गरेको छु। सहकारी सिद्धान्त अनुसार संस्थाले पूरा गर्नु पर्ने सामाजिक उत्तरदायित्व तथा सदस्यहरूका लागि विभिन्न सीपमुलक, आयमुलक तालिमहरू सञ्चालन गर्ने गरी विगत बर्षहरूमा जस्तै संस्थाको खर्चलाई चार भागमा विभाजन गरी बजेट विनियोजन गरेको छु। जस अनुसार वित्तीय (व्याज) खर्च रू. ९,०५,००,०००।- (रू. नौ करोड पाँच लाख), सञ्चालन (प्रशासनिक) खर्च रू. १,२८,९३,२००।- (रू. एक करोड अठाईस लाख त्रियानब्बे हजार दुई सय), सामुदायिक विकास खर्च रू. १,८१,८००।- (एक लाख एकासी हजार आठ सय) र कार्यक्रम खर्च रू. २८,५०,०००।- (रू. अठाईस लाख पचास हजार) गरी जम्मा रू. १०,६४,२५,०००।- (दश करोड चौसाठी लाख पच्चीस हजार) खर्च भई रू. ३,२५,००,०००।- (रू. तीन करोड पच्चीस लाख) बचत (नाफा) हुने अनुमान गरेको छु।

चालु आर्थिक बर्ष २०८१/०८२ को अनुमानित स्रोत तथा उपयोग (वासलात) र अनुमानित आम्दानी खर्च (आय व्यय विवरण-बजेट) सम्बन्धी विस्तृत विवरण यसै प्रतिवेदन पुस्तिकामा समावेश गरेको व्यहोरा जानकारी गराउन चाहन्छु।

साथै लेखा परिक्षक श्री बी.आर.बी.एस. एण्ड एसोसिएट्स (चार्टड एकाउण्टेण्टस्), काठमाण्डौं (B.R.B.S. & Associates, Chartered Accountants) बाट प्रस्तुत गर्नु भएको आर्थिक बर्ष २०८०/०८१ को लेखा परिक्षण प्रतिवेदन सहित आ.ब. २०८०/०८१ को प्रस्तुत आर्थिक प्रतिवेदन, चालु आर्थिक बर्ष २०८१/०८२ को अनुमानित स्रोत तथा उपयोग (वासलात) र अनुमानित आम्दानी खर्च (आय व्यय-बजेट) विवरणलाई पारित गरी दिनु हुनका लागि यस सम्मानीत साधारण सभा समक्ष प्रस्ताव गर्न चाहन्छु।

अन्तमा, महान चाड मोहनी नखः, वडादशै, स्वन्ति नखः, शुभ दिवापली तथा नेपाल सम्बत् ११४५ को उपलक्ष्यमा हार्दिक शुभकामना व्यक्त गर्दै आजको यस ३० औं बार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्नु हुने सम्पूर्ण उपस्थित सदस्य महानुभावहरू प्रति कृतज्ञता प्रकट गर्दै आगामी दिनमा पनि यहाँहरूको अमूल्य सकारात्मक राय सुझावहरु र सहयोग प्राप्त हुने अपेक्षा गर्दै यस आर्थिक प्रतिवेदन यही अन्त्य गर्न चाहन्छु।

धन्यवाद ! जय उपकार !!

"मेरो उपकार, सपना साकार"

उपकार बचत तथा ऋण सहकारी संस्था लि.
Upakar Savings & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

आर्थिक वर्ष २०८०/०८१ को यथार्थ तथा चालु आ.व. २०८१/०८२ को लक्ष्य

स्रोत तर्फ

क्र.सं.	पूँजी तथा दायित्व		आ.व. २०८०/०८१ को असार मसान्तको		प्रगति	आ.व. २०८१/०८२ को	
			लक्ष्य	यथार्थ	प्रतिशत	लक्ष्य	
१	शेयर	१०	१००,०००,०००.००	८८,८२४,४००.००	८८.८	११०,०००,०००.००	७.९
२	जगेडा तथा अन्य कोष	२०	७०,१००,०००.००	१०३,९५५,८१३.२८	१४८.३	१०५,०००,०००.००	७.५
३	बचत	३०	१,०४०,०००,०००.००	१,०५७,४९६,६००.२३	१०१.७	१,१००,०००,०००.००	७८.६
४	भुक्तानी दिनु पर्ने	६०	३२,९००,०००.००	१८,५७७,५३७.४७	५६.५	१९,५००,०००.००	१.४
५	मूल्तवि व्याज		५,०००,०००.००	५,२४४,७२५.००	१०४.९	६,०००,०००.००	०.४
६	ऋण नोक्सानी व्यवास्था		२२,०००,०००.००	२४,६१५,६२९.००	१११.९	२७,०००,०००.००	१.९
७	बितरण गर्न बाँकी बचत		३०,०००,०००.००		०.०	३२,५००,०००.००	२.३
	जम्मा		१,३००,०००,०००.००	१,२९८,७१४,७०४.९८		१,४००,०००,०००.००	१००.०

उपयोग तर्फ

क्र.सं.	सम्पत्ति विवरण		आ.व. २०८०/०८१ को असार मसान्तको		प्रगति	आ.व. २०८१/०८२ को	
			लक्ष्य	यथार्थ	प्रतिशत	लक्ष्य	
१	नगद	८०	४,५००,०००.००	१,७५३,६७४.००	३९.०	४,०००,०००.००	०.३
२	बैंक	९०	२६२,०००,०००.००	३६८,४७३,७२४.५९	१४०.६	२७३,०००,०००.००	१९.५
३	वित्तीय लगानी	१००	७७,५००,०००.००	३५०,७४२,२५०.३८	४५२.६	२१४,०००,०००.००	१५.३
४	ऋण लगानी	११०	९१०,०००,०००.००	५४२,९५५,१०४.००	५९.७	८५७,०००,०००.००	६१.२
५	पाउनु पर्ने	१२०	१५,०००,०००.००	२१,२९७,४६४.१३	१४२.०	२१,०००,०००.००	१.५
६	स्थीर सम्पत्ति	१३०	२६,०००,०००.००	८,२४७,७६२.८८	३१.७	२५,०००,०००.००	१.८
७	पाउनु पर्ने व्याज		५,०००,०००.००	५,२४४,७२५.००		६,०००,०००.००	०.४
	जम्मा		१,३००,०००,०००.००	१,२९८,७१४,७०४.९८		१,४००,०००,०००.००	१००.०

"मेरो उपकार, सपना साकार"

उपकार बचत तथा ऋण सहकारी संस्था लि.
Upakar Savings & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

आ.व. २०८०/०८१ को यथार्थ तथा चालु आ.व. २०८१/०८२ को अनुमानित आम्दानी खर्च (आय-व्यय)

आम्दानी तर्फ

क.सं.	बजेट शीर्षक	आ.व. २०८०/०८१ को				आ.व. २०८१/०८२को
		लक्ष्य	प्रतिशत	यथार्थ	प्रतिशत	लक्ष्य
१	ब्याज	११५,०००,०००.००	७५.०९	७३,८४४,०५४.००	६४.२१	१०३,१००,०००.००
२	लगानीबाट ब्याज प्राप्त	३०,०००,०००.००	१९.५९	४६,३११,८५२.४९	१५४.३७	३०,०००,०००.००
३	लाभांश	१,०००,०००.००	०.६५	३०३,८५६.२०	३०.३९	५००,०००.००
४	ऋण संरक्षण शुल्क	६,०००,०००.००	३.९२	३,५१२,५३०.००	५८.५४	४,०००,०००.००
५	विविध आम्दानी	१००,०००.००	०.०७	१००,२१४.०६	१००.२१	१००,०००.००
६	सदस्यता	२५,०००.००	०.०२	१५,८००.००	६३.२०	२५,०००.००
७	हर्जना	८००,०००.००	०.५२	७६४,६०१.००	९५.५८	१,०००,०००.००
८	रेमिटेन्स कमिशन	१००,०००.००	०.०७	३४,०६४.४४	३४.०६	५०,०००.००
९	स्मार्ट बैकिङ्ग	१२५,०००.००	०.०८	९०,१००.००	७२.०८	१५०,०००.००
	जम्मा	१५३,१५०,०००.००		१२४,९७७,०७२.१९		१३८,९२५,०००.००

खर्च तर्फ

क.सं.	बजेट शीर्षक	आ.व. २०८०/०८१ को				आ.व. २०८१/०८२को
		लक्ष्य	प्रतिशत	यथार्थ	प्रतिशत	लक्ष्य
१	ब्याज खर्च	१०५,०००,०००.००	८५.२६	८६,०९५,०५७.००	८२.००	९०,५००,०००.००
२	सञ्चालन खर्च	१४,३२३,२००.००	११.६३	९,४७०,६४२.२४	६७.७०	१२,८९३,२००.००
४	कार्यक्रम खर्च	३,६४५,०००.००	२.९६	१,४०६,७००.००	३२.४९	२,८५०,०००.००
३	सामुदायिक विकास खर्च	१८१,८००.००	०.१५	९१,१७५.००	४७.९५	१८१,८००.००
५	ऋण नोक्सानी व्यवस्था	-	०.००	२,२५०,५९७.००		
	जम्मा	१२३,१५०,०००.००		९९,३१४,१७१.२४	८०.६४	१०६,४२५,०००.००
	बचत (नाफा)	३०,०००,०००.००		२५,६६२,९००.९५		३२,५००,०००.००

"मेरो उपकार, सपना साकार"

उपकार बचत तथा ऋण सहकारी संस्था लि.
Upakar Savings & Credit Co-operative Society Ltd.

ACCESS BRONZE

आ.व. २०८०/०८१ को आषाढ मसान्तसम्मको यथार्थ तथा चालु आ.व. २०८१/०८२ को अनुमानित लक्ष्य विवरण

क.सं.	बजेट शीर्षक	आ.व. २०८०/०८१ को लक्ष्य	आ.व. २०८०/०८१ को यथार्थ	आ.व. २०८१/०८२ को लक्ष्य
अनुसूची १				
१	व्याज खर्च	१०५,०००,०००।००	८६,०९५,०५७।००	९०,०००,०००।००

अनुसूची २				
१	तलब	५,०००,०००।००	३,७४८,०६२।००	५,०००,०००।००
२	अतिरिक्त कार्य पारिश्रमिक	७००,०००।००	४७२,२५६।००	७००,०००।००
३	उपदान कोष	३००,०००।००	२७५,००७।००	१५०,०००।००
४	पोशाक	२५०,०००।००	१६२,०००।००	५०,०००।००
५	मसलन्द	३००,०००।००	९३,५८७।००	१५०,०००।००
६	छपाई	५०,०००।००	४२,८४०।००	७५,०००।००
७	सदस्य शुल्क नविकरण	२५,०००।००	२७,६२२।००	२५,०००।००
८	नगरपालिका कर	१५,०००।००	१०,५३४।००	२०,०००।००
९	अतिथि सत्कार/कार्यालय चिया	१२५,०००।००	७८,२९१।००	१२५,०००।००
१०	यातायात तथा सञ्चार	१२५,०००।००	६०,०००।००	६०,०००।००
११	बैठक भत्ता	८००,०००।००	६४३,२५०।००	८००,०००।००
१२	बैठक खाजा खर्च	७५,०००।००	६६,७३५।००	७५,०००।००
१३	कार्यालय व्यवस्थापन	१२५,०००।००	५३,१७०।००	१००,०००।००
१४	विज्ञापन	२०,०००।००	१८,३५५।००	२०,०००।००
१५	पत्रिका	२०,०००।००	१०,४५०।००	२०,०००।००
१६	टेलिफोन	१२५,०००।००	८५,९०७।००	११५,०००।००
१७	बिजुली	५०,०००।००	२७,७४९।००	५०,०००।००
१८	खानेपानी	१०,०००।००	९,१००।००	१०,०००।००
१९	साधारण सभा	३,१००,०००।००	१,८००,१६०।००	२,५००,०००।००
२०	परिवहन	६०,०००।००	-	३०,०००।००
२१	लेखा परिक्षण शुल्क	१२०,०००।००	१२०,०००।००	३५०,०००।००
२२	लेखा परिक्षण खर्च	३०,०००।००	१०,०००।००	१००,०००।००
२३	आन्तरिक लेखा परिक्षण	८०,०००।००	८०,०००।००	८०,०००।००
२४	प्रवर्द्धन खर्च	१५०,०००।००	४४,२५०।००	१००,०००।००
२५	सफ्टवेयर (ए.एम.सी.)	३००,०००।००	१२१,४७३।००	४००,०००।००

२६	मर्मत	५०,०००।००	५,०००।००	५०,०००।००
२७	ह्रास कट्टी	३००,०००।००	२४५,०९६।४४	३००,०००।००
२८	ऋण संरक्षण शुल्क फिर्ता	१५०,०००।००	१२०,०००।००	१५०,०००।००
२९	स्तरिकरण कार्यक्रम	३००,०००।००	१२५,०००।००	२००,०००।००
३०	अध्ययन भ्रमण	२५०,०००।००	१३५,५५१।००	५०,०००।००
३१	विमा	१,०००,०००।००	७६५,३४१।८०	१,०००,०००।००
३२	बैक चार्ज	५,०००।००	४,५०५।००	१०,०००।००
३३	विविध	३०८,२००।००	९,३५०।००	२८,२००।००
	सञ्चालन खर्च	१४,३२३,२००।००	९,४७०,६४२।४२	१२,८९३,२००।००

अनुसूची ३				
१	बृद्ध भत्ता	१६,८००।००	८,४००।००	१६,८००।००
२	आर्थिक सहयोग	१५,०००।००	४,०००।००	१५,०००।००
३	सामुदायिक विकास	१००,०००।००	३५,००५।००	१००,०००।००
४	साँस्कृतिक प्रवर्द्धन	५०,०००।००	४३,७७०।००	५०,०००।००
	जम्मा (सामुदायिक विकास खर्च	१८१,८००।००	९१,१७५।००	१८१,८००।००

अनुसूची ४				
१	सुत्केरी भेटघाट	१००,०००।००	४५,४३०।००	१००,०००।००
२	क्षमता अभिबृद्धि तालिम कार्यक्रम	२००,०००।००	५३,४९०।००	२५०,०००।००
३	सहकार्य कार्यक्रम	५०,०००।००	-	१००,०००।००
४	स्थापना दिवस कार्यक्रम	२००,०००।००	१३५,०२६।००	२००,०००।००
५	सदस्य सन्तुष्टि सर्भेक्षण	७५,०००।००	-	७५,०००।००
६	पुरस्कार	१५०,०००।००	-	१५०,०००।००
७	कार्ययोजना निर्माण/समीक्षा	२००,०००।००	११७,१००।००	१५०,०००।००
	जम्मा	१,०२५,०००।००	३५१,०४६।००	१,०२५,०००।००

सूचना तथा प्रकाशन उप-समिति				
१	क्यालेण्डर	१७५,०००।००	८२,५६७।००	१५०,०००।००
२	बुलेटिन	५०,०००।००	-	-
३	बार्षिक प्रतिवेदन	२००,०००।००	१२४,३००।००	१५०,०००।००
४	झोला	३००,०००।००	२११,७६२।००	३००,०००।००
५	प्रचार सामाग्री	७५,०००।००	-	५०,०००।००
	जम्मा	८००,०००।००	४१८,६२९।००	६५०,०००।००

कृषि उप-समिति				
१	कृषि साझेदारी कार्यक्रम	३०,०००।००	-	-
२	कृषि उत्प्रेरणा कार्यक्रम/तालिम	३०,०००।००	-	३०,०००।००
	जम्मा	६०,०००।००	-	६०,०००।००

दलित जागरण उप-समिति				
१	नेतृत्व विकास तालिम	२०,०००।००	-	२५,०००।००
	जम्मा	२०,०००।००	-	२५,०००।००

साँस्कृतिक तथा सामाजिक सेवा उप-समिति				
१	संस्कृति संरक्षण	७५,०००।००	-	७५,०००।००
२	जेष्ठ नागरिक भ्रमण	२००,०००।००	११५,०८०।००	२००,०००।००
३	जेष्ठ नागरिक सम्मान	४००,०००।००	२२८,८२०।००	३००,०००।००
४	लिपि, संस्कृति तालिम	३५,०००।००	-	-
	जम्मा	७१०,०००।००	३४३,९००।००	५७५,०००।००

युवा तथा स्थास्थ्य उप-समिति				
१	खुल्ला रक्तदान कार्यक्रम	५०,०००।००	१६,५३०।००	२५,०००।००
२	स्वास्थ्य शिविर	१००,०००।००	-	७५,०००।००
३	स्वास्थ्य सम्बन्धी जनचेतानामुलक	२५,०००।००	२,५३५।००	२५,०००।००
	जम्मा	१७५,०००।००	१९,०६५।००	१२५,०००।००

महिला उप-समिति				
१	हस्तकला (सीपमुलक) तालिम	६०,०००।००	-	-
२	नारी चेतनामुलक कार्यक्रम	१५,०००।००	-	१५,०००।००
३	पाठेघरको मुखको क्यान्सर (प्यापस्मेयर) परिक्षण	७५,०००।००	२५,७१०।००	-
	जम्मा	१५०,०००।००	२५,७१०।००	१५,०००।००

शिक्षा उप-समिति				
१	उपकार शिक्षा सम्मान	५०,०००।००	-	२५,०००।००
२	सहकारी शिक्षा शिविर	३०,०००।००	२,१००।००	३०,०००।००
३	बाल बचत कर्ता उत्प्रेरणा कार्यक्रम	५००,०००।००	२४३,१५०।००	३००,०००।००
	जम्मा	५८०,०००।००	२४५,२५०।००	३५५,०००।००

व्यवसाय प्रवर्द्धन उप-समिति				
१	व्यवसाय प्रवर्द्धन	५०,०००।००	३,१००।००	-
२	सीपमुलक (बेकरी तालिम/ फुरन्दाना/आलु चिप्स)	५०,०००।००	-	५०,०००।००
	जम्मा	१२५,०००।००	३,१००।००	५०,०००।००

	जम्मा कार्यक्रम खर्च	३,६४५,०००।००	१,४०६,७००।००	२,८५०,०००।००
	कूल खर्च जम्मा	१२३,१५०,०००।००	९७,०६३,५७४।२४	१०५,९२५,०००।००